अन्नपुर्ण गाँउपालिका

# स्थानिय राजपत्र

वर्षः १ खण्डः१२ २०७७।०२।११ गते

भाग २

अन्नपुर्ण गाँउपालिकाको

## असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड ,२०७६

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थावाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानीय तहवाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम असङ्गठित क्षेत्रमा कार्यरत श्रमिकवर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषण गरेको अवधिसम्मको लागि अन्नपुर्ण गाँउपालिका क्षेत्र भर लागू हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रुपमा काम काज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा (४) बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) "असहाय"भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा वृद्धाश्रममा वस्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) "राहत"भन्नाले नेपाल सरकारवाट निर्णय भए बमोजिम स्थानिय तहले दफा (३) बमोजिमका श्रमिकवर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा (५) बमोजिमको सामाग्री सम्झनुपर्छ ।

(घ) "स्थानीय तह"भन्नाले अन्नपुर्ण गाँउपालिका सम्झनुपर्छ ।

**३. अभिलेख राख्नु पर्ने :** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यलयले अभिलेख तयार गर्नुपर्नेछ ।

(क) पसलवाट ग्राहको घरसम्म सामान ओसार पसार गर्ने श्रमिक ।

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने वाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति

(ग) ट्रक, टिपर, भ्यान वाट समानलोड अनलोड गर्ने श्रमिक ।

(घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर ।

(ङ) आफ्नो नातेदार बाहेकका व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति ।

(च) गिटी कुट्ने, वालुवा चाल्ने तथा ईंटा भट्टामा कामगर्ने मजदुर ,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर ।

(ज) नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा सामान विक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर ।

(झ) देहायका यातायात मजदुर :

१. अन्य व्यक्तिको मालवाहक सवारी तथा डेलीभरी भ्यान चलाउने सवारी चालक, सहचालक,
२. दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,
३. रिक्सा तथा ठेलागाडा चालक,
४. सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैचा, बुट्टा तथा जर्ती भर्ने  र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

(ट) स्थानीय तहमा दैनिक ज्यालादारीका काम गर्ने अन्य व्यक्ति ।

४. **राहतवितरण गर्नु पर्ने** : दफा (३) बमोजिमको लगतमा समावेश भएको श्रमिकवर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची (२) बमोजिकको ढाँचामा विवरण राखि दफा (५) बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ ।

**५. राहत सामाग्री** : (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहयाहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिने छ ।

(क) चामल ३० किलोग्राम

(ख) दाल ३ किलोग्राम

(ग) नुन २ पाकेट

(घ) खाने तेल २ लिटर

(ङ) साबुन ४ वटा

(च) चिनी २ किलोग्राम

(२)यस मापदण्ड बमोजिक राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नु पर्नेछ । साथै, परिवार संख्या कायम गर्दा दुई जना सम्म भए उपदफा (१) बमोजिमको राहत सामाग्रीको आधा र सोभन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गरिनेछ ।

(३) यस मापदण्डमा अन्यत्र जुनसकै कुरा लेखिएको भएता पनि श्रमिक वर्ग तथा असहाय तथा तिन सँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आयआर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै परिवारको एकभन्दा वढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

(५) नेपाल सरकारबाट सुविधा प्राप्त गर्ने व्यक्ति, परिवारको सदस्य वैदेशिक रोजगारीमा भएको घरपरिवारका व्यक्तिहरु, सामामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाइ,( दलित बालबालिका, पुर्ण र आशिंक अपांग बाहेक अन्य) लाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

६. **वितरण गर्ने विधि** : (१) देहायको विधि अवलम्बन गरी दफा (५) बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछ ।

(क) राहत सामाग्री सम्बन्धित वडा समितिले खरिद गरी वितरण गर्ने सोको आवश्यक समन्वय ,सहजीकरण तथा भुक्तानी गाँउपालिकाले गर्ने ।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिवाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने :

१. स्थानीय तहले आफ्नो क्षेत्र भित्र दफा (५) बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्तावाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।
२. दफा (३) बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा अध्यक्ष वा सदस्य ले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

**७. राहतवितरणको अभिलेख र प्रतिवेदन :** (१) सम्बन्धित वडाले अनुसूची (२) बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(२) प्रत्येक स्थानीयतहले राहतको प्रतिवेदन अनुसूची (३) वमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

**८. कारवाही सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएको व्यक्तिले झुट्टा विवरण गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारी लाई समेत प्रचलित कानुन वमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीयतहले निजवाट असुल गर्नु पर्नेछ ।

अनुसुची १

(दफा (३) संग सम्बन्धित)
अभिलेखको ढाँचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरण :

१. नाम थरः २.बाबुको नामः ३.बाजेको नामः

४. स्थायी ठेगाना : ५.हालको ठेगाना :

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा) :

७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः ८.गर्ने कामको विवरणः

९.पेश गरेको कागजातको विवरण : -कम्तीमा कुनै एक कागजात संलग्न हुनुपर्ने)

क.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा,
ख.गरिब घर परिबार परिचयपत्रको प्रतिलिपी वा
ग.सबारी चालक अनुमतिपत्रको प्रतिलिपी वा
घ.अन्य

१०.राहतलिने व्यक्तिको स्वःघोषणा : म र मेरो परिबारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्यकुनै माध्यमबाट आयआर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक :
दस्तखत :
मिति :

औठाको छाप

| दायाँ | बाँया |
| --- | --- |
| | |

सिफारिश गर्ने पदाधिकारी :

दस्तखत :

नामः पद : स्थानीय तहको नाम :

मितिः वडा नं.

अनुसुची २

(दफा (७) को उपदफा (१)संग सम्बन्धित)

अन्नपुर्ण गाँउपालिका वडा नं

राहत वितरणको अभिलेख

| सि न | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखतः

नाम थरः

टेलीफोन नः

अनुसुची ३
(दफा (७) को उपदफा (२) संग सम्बन्धित)

अन्नपुर्ण गाँउपालिका

प्रतिवेदनको ढाँचा

| सि न | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत लिएको मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रतिवेदन तयार गर्नेको

दस्तखतः

नाम थरः

टेलीफोन नः

प्रमाणिकरण मितिः२०७६।१२।२५

राजपत्रमा प्रकाशित मितिः२०७७।०२।११

आज्ञाले,

नविन सुवेदी

प्रमुख प्रशाशकिय अधिकृत